# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ८० | काठमाडौं | बिहीबार, २७ असार २०८१ | Prabhab National Daily | Thursday, July 11, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# रवि र डिपीमाथि मुकुलको फायर



- रवि निरंकुश बनेको र पार्टीलाई 'रवि क्लब' बनाएको आरोप
- पार्टीको पैसा उपसभापति डिपीको खल्तीमा पुगेको दाबी
- पार्टीलाई विधि र पद्धतिअनुसार चलाउन सभापति 'अक्षम' बनेको आरोप

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को महामन्त्री र प्रवक्ताबाट पदमुक्त डा. मुकुल ढकालले सभापति रवि लामिछाने, उपसभापति डोलप्रसाद अर्याल र सहमहामन्त्री दीपक बोहराविरुद्ध गम्भीर आरोप लगाएका छन् । आफूलाई पदमुक्त गरेको भोलिपल्ट बुधबार पत्रकार सम्मेलन गर्दै उनले यस्तो आरोप लगाएका हुन् ।

सभापति लामिछाने निरंकुशता लाद्न चाहने, पार्टीलाई विधि र पद्धतिभन्दा पनि आफ्नो अनुकूल चलाउन चाहने र सत्ताका लागि जनताका मुद्दालाई तिलाञ्जली दिने नेता भएको आरोप लगाए । पार्टीलाई क्लबजस्तो बनाएको भन्दै उनले गम्भीर असहमति पनि प्रकट गरे ।

असार १९ गतेको केन्द्रीय समिति बैठकबाट महामन्त्री र प्रवक्ताबाट एक हप्ताका लागि निलम्बन गरेको रास्वपाले मंगलबार बैठकबाट भने ढकाललाई साधारण सदस्यमात्रै बाँकी रहनेगरी सबै जिम्मेवारीबाट हटाएको थियो । यसपछि आक्रोशित ढकालले सभापति लामिछानेसँग दुईवटा पासपोर्ट रहेको दाबीसमेत गरे । 'उहाँसँग दुईवटा पासपोर्ट छ । विदेश गएर पनि आउनुभयो,' उनले भने ।

पार्टीका पदाधिकारीहरूको कार्यशैलीमा पनि ढकालले प्रश्नमात्रै उठाएनन्, पार्टीभित्र आर्थिक अनियमितता भएको गम्भीर आरोपसमेत लगाएका छन् । पार्टीका उपसभापति डोलप्रसाद (डिपी) अर्यालमाथि आर्थिक अनियमितता गरेको आरोप लगाएका हुन् । ढकालले भने, 'डिपी अर्यालले साथीहरूले दिएको पैसा पार्टीलाई नदिइकन सीधै आफ्नो खल्तीमा राख्नुभएको छ । दुई साताअघि पनि त्यस्तो भएको छ ।'

उनले पार्टीसँग रसिदविना कारोबार नगर्न पनि अनुरोध गरेका छन् । ढकालले पार्टी सभापति लामिछानेलाई प्रधानमन्त्री पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरबहादुर देउवाकै शैली मन पर्न थालेको टिप्पणी गरे । पार्टी सभापति लामिछानेले पुरानै पार्टीका नेताहरूको शैली मन पराउन थालेको उनको टिप्पणी थियो ।

उनले सभापति लामिछानेले अझै पनि कांग्रेस नेतृत्वको सरकार बन्ने र त्यसमा आफू पनि सहभागी हुन पाउने आशले सरकार नछोडेको आरोप लगाए । 'मेरो शैलीका बारेमा धेरै प्रश्न उठे । मैले भनिरहेको छु, लाइभ गरौं, कसको शैली कस्तो छ देखिहालिन्छ नि । आजको रवि लामिछानेलाई प्रचण्डको शैली मनपर्छ । ओलीको शैली मनपर्छ । आज पनि उहाँ कतै न कतै ७६ (३) अनुसार देउवा प्रधानमन्त्री भइहाल्नुहुन्छ कि भनेर बस्नुभएको छ,' उनले भने ।

ढकालले अहिले पनि रास्वपाको आधिकारिक महामन्त्री आफू भएको दाबी गरे । रास्वपाको महामन्त्री र प्रवक्ताबाट आफू निलम्बित नभएको भन्दै उनले 'रवि लामिछानेको क्लब'बाट मात्रै आफू हटाइएको बताए । पार्टीले आफूलाई गरेको कारबाही विधिसम्मत नभएको भन्दै ढकालले सात दिनको म्याद राखेर स्पष्टीकरण सोधिएकोमा त्यो म्याद नसकिँदै कारबाही गर्न नमिल्ने बताएका हुन् ।

# छानबिनको दबाबमा गृहमन्त्री लामिछाने

गृहमन्त्रीज्यू, पहिले प्रबन्ध निर्देशक रहेको गोरखा मिडिया नेटवर्कमा एक अर्ब रूपैयाँभन्दा बढी बचत साहारा बहुउद्देश्यीय सहकारी चितवनबाट लगिएको छ । जुन फस्यो । त्यसले गर्दा गृहमन्त्रीमाथि छानबिन हुनैपर्छ ।

■ **शालिग्राम दुवाडी**
**सहकारीपीडित**



**सहकारीको रकम दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिको बुधवार सिंहदरबारमा बसेको बैठकमा सहकारीपीडितहरु ।** *तस्बिरः रासस*

- एक अर्बभन्दा बढी बचत अपचलन गरेको भन्दै गृहमन्त्री रवि लामिछानेविरुद्ध छानबिनको माग
- लामिछाने गृहमन्त्री भएपछि अनुसन्धान प्रभावित भएको दाबी
- सहकारी ठगी प्रकरणमा लामिछानेमाथिको छानबिन अनिवार्य

■ जेबी योञ्जन

**काठमाडौं–** सहकारीको बचत अपचलनमा मुछिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई छानबिनको दायरामा ल्याउन उच्चस्तरीय संसदीय छानबिन समितिमाथि दबाब परेको छ । यसअघि गोरखा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक रहँदा उनीसमेतले उक्त कम्पनीमा विभिन्न सहकारीको अर्बौं रकम गैरकानुनीरूपमा लगेर अपचलन गरेको भन्दै उनीमाथि छानबिन अनिवार्य भएको पीडितहरूले बताएका छन् ।

बुधबार सूर्यबहादुर थापा सभापति रहेको सहकारी संस्था बचत रकम दुरूपयोग संसदीय छानबिन विशेष समितिमा बोल्दै सहकारीपीडित शालिग्राम दुवाडीले भने, 'गृहमन्त्रीज्यू, उहाँ पहिले प्रबन्ध निर्देशक रहेको गोरखा मिडिया नेटवर्कमा एक अर्ब रूपैयाँभन्दा बढी बचत साहारा बहुउद्देश्यीय सहकारी चितवनबाट लगिएको छ । जुन फस्यो । त्यसले गर्दा गृहमन्त्रीमाथि छानबिन हुनैपर्छ ।'

साहारा सहकारीपीडित रहेका दुवाडीले सहकारीको नीति र कानुनविपरीत गोरखा मिडिया नेटवर्कमा लगानी लगाइएको भन्दै उक्त रकम अपचलन गर्ने शक्तिशाली व्यक्ति गृहमन्त्री भए पनि अनुसन्धान गरी दोषी भए हदैसम्मको कारबाही गर्न समितिसँग माग गरे । उनले पीडितहरूले ती कम्पनीहरूलाई मुद्दा हाल्दा चितवन प्रहरीले अवरोध पुर्‍याएको गुनासो गरेका छन् । 'गोरखा मिडिया नेटवर्क प्रालिको नाम आउनेबित्तिकै मुद्दा रोकिन्छ । किन ?,' उनको प्रश्न छ ।

उनले गोर्खा मिडिया नेटवर्क २५ करोड रूपैयाँमा खोल्न सकिने भए पनि साहारा सहकारीबाट मात्रै एक अर्ब रूपैयाँभन्दा बढी रकम लिएर अपचलन गरिएको दाबी गरे । उनले रकम हिनामिना गर्नेहरूलाई अनुसन्धान गरी तत्काल बचत फिर्ता गराउन माग गरे । सहकारी जनता ठग्नलाई खोलिएको जस्तै भएको उनको भनाइ छ । ठगीमा संलग्न व्यक्तिहरूलाई कडाभन्दा कडा कारबाही गर्न समितिसँग आग्रह गरे । सहाराका अन्य पीडितहरूले त अझ बचतकर्ताको रकम अपचलन गर्ने लामिछानेमाथि प्राण भएसम्म नछाड्ने संकल्प गरे । लामिछानेले भने सहकारीको रकम अपचलनमा संलग्न नभएको जिकिर गर्दै आएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## समिति बैठकमा पोखियो पीडा

सहकारीको रकम दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिको बैठकमा सहकारीपीडितहरूले गुनासै गुनासा राखे । गुनासाहरूलाई सम्बोधन गर्न आरोपीहरूलाई छिटो पक्राउ गर्न पीडितहरूको जोड थियो । बैठकमा ओरिन्टल सहकारीपीडित खगेन्द्रनाथ काफ्लेले सहकारी बचतकर्ताको पैसा सहकारी सञ्चालकहरूले आफ्नो इच्छाले घरजग्गाहरूमा लगानी गर्ने र जग्गा अर्काको नाममा राखेर बचतकर्ताको पैसा सक्ने काम भएको बताए । उनले सबै सहकारीहरूको सम्पत्ति सरकारले नियन्त्रणमा लिएर सरकारले पीडितहरूलाई उनीहरूको रकम फिर्ता दिनुपर्ने बताए ।


शिवशिखर बहुउद्देश्य सहकारी संस्थापीडित चक्रबहादुर श्रेष्ठले दुई वर्षदेखि बचत फिर्ताका लागि संघर्ष गरिरहेको भए पनि कतैबाट पनि सुनुवाइ नभएको गुनासो गरे ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# ११ महिनामा भित्रियो १३ खर्ब २७ अर्बभन्दा बढी रेमिट्यान्स

■ प्रभाव संवाददाता




**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिनामा १३ खर्ब २७ अर्ब ५१ करोड रूपैयाँ विप्रेषण (रेमिटचान्स) मुलुक भित्रिएको छ । नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा साउनदेखि जेठ मसान्तसम्मको अवधिमा उक्त रकम भित्रिएको हो ।

चालु आवको ११ महिनामा भित्रिएको रेमिटचान्स गत आवको सोही अवधिको तुलनामा १९.३ प्रतिशतले बढी हो । यस्तो वृद्धिदर अघिल्लो वर्षको सोही अवधिमा भने २२.७ प्रतिशत रहेको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ ।

चालु आवको जेठ महिनामा मात्रै एक खर्ब २८ अर्ब ९१ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ । राष्ट्र बैंकको प्रतिवेदनअनुसार मासिक रूपमा औसत एक खर्ब २० अर्ब रूपैयाँको हाराहारीमा विप्रेषण भित्रिरहेको देखिएको छ । गत वर्ष मासिकरूपमा औसत एक खर्ब एक अर्ब रूपैयाँबराबरको विप्रेषण भित्रिएको थियो । यो तथ्यांकले ११ महिनाको अवधिमा विप्रेषण आप्रवाह निरन्तर वृद्धि भएको देखाएको छ ।

यसैगरी चालु आर्थिक वर्षको यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या चार लाख २२ हजार ९३६ जना रहेको तथ्यांकमा देखाइएको छ । साथै, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा दुई लाख ६२ हजार ७०५ जना रहेका छन् । अघिल्लो वर्षको सोही अवधिमा विदेसिने यस्तो संख्या क्रमशः चार लाख ५९ हजार ४१५ र दुई लाख ६० हजार २६२ रहेको थियो । गत आवभन्दा चालु आवको सोही अवधिमा विदेश जाने नेपालीको संख्या भने कम देखिएको छ ।

समीक्षा अवधिमा अमेरिकी डलरमा हुने खुद ट्रान्सफर गत आवभन्दा १७.३ प्रतिशतले वृद्धि भई नौ अर्ब ९८ करोड डलर पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १३ प्रतिशतले बढेको राष्ट्र बैंकले उल्लेख गरेको छ । मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा विप्रेषणले ओगटेको विभिन्न अध्ययनले देखाएको छ । विप्रेषणकै कारण विदेशी मुद्रा सञ्चितिसमेत बढेको राष्ट्र बैंकले उल्लेख गरेको छ ।

मुलुकमा रोजगारीको पर्याप्त अवसर नहुँदा दैनिक करिब दुई हजारको संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा गइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ । यसरी विदेसिने श्रमिकहरूले पठाउने रेमिटचान्सबाटै मुलुकको अर्थतन्त्र चलिरहेको विभिन्न अध्ययनले पनि देखाएको छ । पछिल्लो समय सरकारले जिटुजी सम्झौतामार्फत रोमानिया, जर्मनी र जापानमा कामदार पठाउने बाटो खुला गरे पनि अपेक्षितरूपमा नेपालीहरू जान नपाएका कारण रेमिटचान्समा थप बढोत्तरी हुन नपाएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

# मलेसियामा मृत्यु भएका विश्वकर्माको परिवारलाई सहयोग



**काठमाडौं (प्रस)–** विज्ञान एचआर म्यानेजमेन्ट प्रालिले वैदेशिक रोजगारीको क्रममा मलेसिया पुगेर ज्यान गुमाएका चितवनका सागर विश्वकर्माको परिवारलाई आर्थिक सहयोग गरेको छ । आफ्नो कम्पनीमार्फत मलेसिया पुगेका विश्वकर्माको मृत्यु भएपछि उनकी श्रीमती शर्मिला विकलाई बुधबार ३० हजार रूपैयाँ सहयोग उपलब्ध गराएको कम्पनीले जनाएको छ ।

विश्वकर्माको परिवारले कानुनअनुसार पाउनुपर्ने क्षतिपूर्तिसमेत पाइसकेको कम्पनीले जनाएको छ । कम्पनीका सञ्चालक सुकबहादुर तामाङले आफूले रोजगारीका लागि पठाएको युवाले अकालमा ज्यान गुमाएकोप्रति श्रद्धाञ्जली व्यक्त गर्दै दुःखमा परेको परिवारलाई थोरै भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले आर्थिक सहायता प्रदान गरिएको बताए ।

विश्वकर्मा एजी प्रिसिजन एसडिएन कम्पनीमा काम गर्न २०२३ मेमा मलेसिया पुगेका थिए । रोजगारीकै क्रममा विश्वकर्माले २०२४ मे १६ मा आत्महत्या गरेको बताइएको छ । आर्थिक अवस्था कमजोर भएका मृतक विश्वकर्माको परिवारमा श्रीमती र दुई वर्षीय छोरा रहेको कम्पनीका सञ्चालक तामाङले बताए ।




# मनसुन सक्रिय हुने सम्भावना, सतर्क रहन आग्रह

**काठमाडौं (प्रस)**– मौसम पूर्वानुमान महाशाखाले असार २९ गते बिहानसम्म मुलुकका अधिकांश क्षेत्रमा मनसुन सक्रिय हुने सम्भावना रहेको जनाउँदै आवश्यक सतर्कताका लागि आग्रह गरेको छ ।

महाशाखाका अनुसार हाल मनसुन न्यूनचापीय रेखा पश्चिममा सरदर स्थानको आसपास र पूर्वमा सरदर स्थानभन्दा उत्तरतर्फ (नेपालको दक्षिण भूभाग/सिमाना आसपास) रहेको छ । बुधबार रातिबाट उक्त रेखा अझ नेपालतिर सर्ने सम्भावना देखिएको महाशाखाले जनाएको छ । साथै आज बिहीबारदेखि नेपाल आसपास क्षेत्रको उपल्लो वायुमण्डलमा पश्चिमी न्यूनचापीय प्रणाली विकसित हुने सम्भावना देखिएको छ । यी दुवै प्रणालीको प्रभावले बुधबार रातिदेखि २९ गते बिहानसम्म नेपालमा मनसुन सक्रिय हुने सम्भावना देखिएको छ । महाशाखाले बुधबार मनसुन विशेष मौसम बुलेटिन प्रकाशितगरी सतर्कताका लागि अनुरोध गरेको हो ।

बुधबार रातिदेखि असार २९ गतेको बिहानसम्म देशभर साधारणदेखि पूर्णतया बदली रही कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेशका अधिकांश स्थानमा र कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा भारी वर्षा तथा कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका केही स्थानमा भारीदेखि अतिभारी वर्षाको सम्भावना रहेको छ ।

त्यस अवधिमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको, सहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्नसक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कताका लागि अनुरोध गरिएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### छानबिनको दबाबमा...

उनले अपचलन गरेको भनेर देशको कुनै पनि प्रहरी कार्यालय वा अदालतमा कसैले उजुरीसम्म दायर नभएको बताउने गरेका छन् । तर, उनी गृहमन्त्री भएपछि गोरखा मिडिया उल्लेख गरेर उजुरी बुझाए प्रहरीले नलिने गरेको पीडितहरूको गुनासो थियो । लामिछाने पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिमलगायत विभिन्न सहकारीको बचत अपचलनमा जोडिएका छन् । पोखरा महानगरपालिकाले गठन गरेको छानबिन समितिको प्रतिवेदनले लामिछाने सहकारी ठगी प्रकरणमा संलग्न देखिएका छन् । रूपन्देही जिल्ला प्रहरीले सरकारी कार्यालयमा बुझाएको प्रतिवदेनमा थुप्रै ठाउँमा उनको नाम लेखेका छन् । यहीबेला लामिछानेलाई छानबिनको दायरामा ल्याउन संसदीय विशेष समितिमा माग भएको हो । हालै रास्वपाबाट महामन्त्रीबाट पदमुक्त डा. मुकुल ढकालले पनि उनीमाथि छानबिन गम्भीरतापूर्वक हुनुपर्ने बताए ।

सर्वोच्च अदालतले समेत सहकारी ठगी प्रकरणमा लामिछानेमाथि छानबिन हुनुपर्ने आदेश सुनाएको भन्दै ढकालले पार्टीले पनि स्वतन्त्र छानबिन गर्नुपर्ने बताए । 'सहकारी ठगी प्रकरणमा रवि लामिछानेमाथि छानबिन गर्नुपर्छ भन्ने कुरामा सर्वोच्चका न्यायाधीशद्वय सपना प्रधान मल्ल र सारंगा सुवेदीको राय एउटै छ । राजीनामा दिने कि नदिने कुरामात्रै उहाँहरूको राय बाझिएको हो । सर्वोच्च अदालतले नै छानबिन गर्नुपर्ने नजिर स्थापित गरेको छ,' ढकालले भने ।

उनले सहकारी ठगीसम्बन्धी जाहेरी कतै नपरेको रवि लामिछानेको दाबी अदालतले गलत सावित गरेको बताए । लामिछाने प्रबन्ध निर्देशक भएका बेला गोरखा मिडिया नेटवर्कलाई गैरकानुनीरूपमा कर्जा प्रवाह गर्ने सहकारीका सञ्चालक तथा व्यवस्थापकसँगै कर्मचारीहरू विभिन्न जेलमा छन् । कानुनअनुसार जेलमा रहेका उनीहरूसँग सोधपुछ गरी तथ्य प्रमाण खोज्ने समिति सभापति सूर्यबहादुर थापाले बताए । उनले विदेशमा भएका सहकारी ठगलाई नेपालमा ल्याउन प्रधानमन्त्री पुष्पकमल दाहालसँग माग गर्ने बताए । उनले सरकारले र संसद्ले गर्ने काम फरक हुने भन्दै सहकारीपीडितहरूलाई न्याय दिलाउनेगरी काम गर्ने बताए ।

सभापति थापाले समितिले आश्वासनभन्दा पनि वास्तविकतामा आधारित भएर काम गर्ने बताए । उनले सरकारका तर्फबाट भएका 'लुप होल'हरू पनि समितिले खोजिरहेको बताए । उनले सहकारी क्षेत्रमा देखिएको सहकारी समस्या वास्तविक सहकारीको कारणले नभई सहकारीका माध्यमबाट बचतको अपचलन ठगी गर्ने नियतका साथ आएका केही सहकारीका कारणले समस्या आएको बताए ।

सभापति थापाले समितिले पनि यही कुरामा बढी केन्द्रित भएर आएका तथ्यहरू जुटाइरहेको बताए । उनले चितवनमा एउटै मान्छे कोषाध्यक्ष, पोखरामा अध्यक्ष र नेपालगञ्जमा उपाध्यक्ष अर्को ठाउँमा ऋण समितिको सदस्य एउटै मान्छे हुने विषयलाई पनि समितिले गम्भीर रूपमा अध्ययन गरिरहेको उल्लेख गरे ।

### समिति बैठकमा...

उनले सहकारीका सञ्चालक केदारनाथ शर्मा र गीता शर्माको नाममा २६ करोड रकम फ्रिज भएर बसेको भन्दै त्यो रकमबाट एक लाख बचतकर्ताको रकम फिर्ता गर्न सकिने बताए । उनले विभिन्न कम्पनीमा सहकारीले गरेको लगानी लिलामी हुन थालेकाले बचतकर्ताको रकम सुरक्षित गर्न समितिसँग माग गरे ।

यमुना आइडियल सहकारीपीडित दिनेश घिमिरेले छानबिन समितिले पार्टीभन्दा माथि उठेर सहकारीपीडितलाई न्याय दिलाउनुपर्ने बताए । उनले पीडकहरूको आवाजभन्दा पनि पीडित बचतकर्ताहरूको आवाज सुनेर समस्या समाधानमा लाग्न आग्रह गरे । उनले अहिलेसम्म बचतकर्ताहरूको आवाज सुन्ने निकाय नभएको भन्दै छानबिन समितिप्रति आशा रहेको बताए । उनले सरकारले अहिलेसम्म पीडकहरूको मात्रै आवाज सुनेको बताए । उनले पीडितहरूलाई सहकारी विभागले न्याय दिन नसक्दा कानुनअनुसार प्रहरीमा गएको प्रहरीबाट पनि पीडितलाई अवरोध भएको बताए । सरकारले सहकारी सञ्चालकहरूलाई बचाउनका लागि एक वर्षको समय माग गरेर उनीहरूलाई भाग्न र सम्पत्ति लुकाउन दिएको आरोप लगाए ।

बैठकमा इमेज सहकारीपीडत डिलबहादुर कार्कीले छानबिन समितिका सदस्यहरू सहकारीपीडितहरू सामु पुगेर गुनासो सुन्न आवश्यक रहेको सुझाव दिए । उनले बागलुङ र गुल्मीका सहकारीपीडित बचतकर्ताहरू सरकारबाट न्यायको आशा गरेर बसेको बताए । उनले सहकारीका सञ्चालक देवकुमार नेपालीले बचतकर्ताले जम्मा गरेको रकमबाट व्यक्तिगत रूपमा सम्पत्ति आर्जन गरेको बताए । समितिमा आएका अधिकांश सहकारीपीडितले समितिले निष्पक्ष रूपमा छानबिन गरी पीडितलाई न्याय दिनुपर्ने माग राखेका छन् । शक्ति र राजनीतिक आडमा बसेका सहकारी सञ्चालकहरूबाट बचतकर्ताको रकम तत्काल फिर्ता गराउनुपर्ने उनीहरूको माग छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७१/०४/११ मा दर्ता भएको भएको प्रा.लि.नं. १२४७४१ को **पीक सभिर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तनको सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२९ को निर्णयानुसार र बिशेष साधारण सभाको मिति २०७९/१२/२५ को निर्णयबाट साविकको नाम समाज स्कीन एण्ड लेजर प्रा.लि. (प्रा.लि. नं. २१७०७२/०७५/०७६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **नभडर्मा स्किन एण्ड लेजर एस्थेटिक्स प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८१/०३/२७

यस कम्पनीको मिति २०८०/११/२४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **मालिका बाल विद्यालय कंचनपुर प्रा.लि. (प्रा.लि. नं. ३८५५८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०३/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मालिका पब्लिक एकेडेमी कंचनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०३/२७

यस कम्पनीको मिति २०८१/०२/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **सन मुन अटो केयर प्रा.लि. (प्रा.लि. नं. १३२८५८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०२/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आर.के. अटो मोबाइल्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०३/२७ गते)

श्री माधवानन्द बैद्यको छोरी, कोमल कृष्ण प्रधानको श्रीमती काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं. १८, बस्ने ईश्वरी मैञा प्रधानको मिति २०८०/०३/१२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको न्यूरोड पाको शाखामा रहेको बचत खाता नं. १७०००६६०२१३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा अमिर कृष्ण न्हुछें प्रधानले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय न्यूरोड पाको, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय न्यूरोड पाको फोन नं. ०१-५३२१९१२/५३२१९१५

---


**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MAHA JAAFAR RADHI AL- DAMEN CONTRACTING EST.

पुर्व स्वीकृति मिति २०८१/०३/२५ LT. No. 307316 चलानी नं.६०२२२०७२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PARIS MODE LADIES SALON COMAPNY AND INSTITUTE

पूर्व स्वीकृति मिति २०८१/०३/२५ LT No. 307307 चलानी नं. ६०२२२०९८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Hairdresser Fo Woman | 0 | 4 | 150 | ६५,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MOHAMED ABDULLAH AL SAYEGH

पूर्व स्वीकृति मिति २०८१/०१/०४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२७ LT. No.303514 चलानी नं. ६०२१८३५२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Driver Heavy Equipment | 2 | 0 | 2500 | ८९,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LIMITED MAINTENANCE & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०६/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२६ LT. No. 293659 चलानी नं. ६०२०८९६५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Helper | 2 | 0 | 1000 | ३६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1500 | ५४,८३० | | | | | | | |
| 3 | Sales Employee | 0 | 2 | 1500 | ५४,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


---

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार २७ गते २०८१, बिहीबार

- **मेष** कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ ।
- **वृष** काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न
- **मिथुन** व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ ।
- **कर्कट** विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ ।
- **सिंह** परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ ।
- **कन्या** सुझबुझले काम सल्टाउनु उचित हुनेछ ।
- **तुला** कमजोरी र थकानले काममा मन नलाग्न सक्छ ।
- **वृश्चिक** आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ ।
- **धनु** समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ ।
- **मकर** नयाँ रोजगारीको सम्भावना छ ।
- **कुम्भ** दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ ।
- **मीन** सहजता विचार्दै आफूलाई अघि सारिनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २७ गते, २०८१, ११ जुलाई, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रैन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदयचनलउ मा उपलब्ध हुनेछ ।

# तीन हजार ८८७ नवसैनिकले पूरा गरे आधार तालिम




**काठमाडौं (प्रस)–** नेपाली सेनामा भर्ना भएका तीन हजार ८८७ जनशक्तिले सैन्य आधार तालिम पूरा गरेका छन् । यसमा ७५४ महिला रहेका छन् । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले देशका विभिन्न २६ स्थानमा गत भदौ ३ गतेदेखि सञ्चालित सैन्य आधार तालिम सम्पन्न भएको जनाएको हो । तालिम समापनका अवसरमा सैन्य जवानलाई अन्तिम दलेल कवाज प्रदर्शनीसगै दीक्षित गरिएको थियो ।

यसैबीच, सैन्य तालिम केन्द्र त्रिशूलीमा बलाधिकृतरथी अशोक सिग्देलले सैन्यद्वारा प्रस्तुत कवाज निरीक्षण गर्नुका साथै उत्कृष्ट शिक्षार्थीलाई पुरस्कृत गरेका थिए । त्यस अवसरमा उनले नेपाली सेनाको मूल्यमान्यता र परम्परालाई पालना गर्दै राष्ट्र, जनता र संस्थाप्रति समर्पित रही इमान्दार र अनुशासित भई जस्तोसुकै परिस्थितिमा पनि अविचलितरूपमा काम गर्न निर्देशन दिए । 'राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको संरक्षण र जगेर्नाका लागि प्रतिबद्ध नेपाली सेनाको मूलभूत दायित्वलाई मनन गर्दै राष्ट्र र जनताको सेवाका लागि सदैव समर्पित रहनूस्,' उनले भने ।

# सयभन्दा कम विद्यार्थी भएका विद्यालय संख्या बढे

■ प्रकाश सिलवाल

**काठमाडौं–** घट्दो जनसंख्या, बढ्दो बसाइसराइँ र सहरी क्षेत्रमा निजी विद्यालयको प्रभावसँगै मुलुकका ५० प्रतिशतभन्दा बढी सामुदायिक विद्यालयमा १०० भन्दा कम विद्यार्थी हुन पुगेका छन् । सार्वजनिक शिक्षाको सुधारका लागि सरकारी र गैरसरकारी क्षेत्रबाट पहल जारी रहे पनि कूल सामुदायिक (सरकारी) विद्यालयमध्ये आधाभन्दा बढीमा १०० भन्दा कम विद्यार्थी देखिएका हुन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हालै सार्वजनिक गरेको शैक्षिक सूचना, २०८० मा १०० भन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या १५ हजार ९६५ उल्लेख छ । उक्त संख्या कूल सामुदायिक विद्यालयको संख्या (२७ हजार ९९०) को ५७.०३ प्रतिशत हो । आर्थिक वर्ष २०७६/७७ मा १०० भन्दा कम भएका सामुदायिक विद्यालयको संख्या १४ हजार रहेकामा विद्यालय समायोजन (मर्ज) को नीतिसमेत सञ्चालन भएको स्थितिमा हाल कम विद्यार्थी भएका विद्यालयको संख्या झन् बढेको देखिएको छ ।

सयदेखि ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय नौ हजार ७०४, ५०१ देखि एक हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय एक हजार ६३६, एक हजार एकदेखि १५ सयसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय ४०९, एक हजार ५०१ देखि दुई हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय १३६ र दुई हजारभन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या मात्र १०० रहेको छ । हाल २७ हजार ९९० सामुदायिक र सात हजार ८८६ संस्थागत (निजी) गरी कूल ३५ हजार ८७६ विद्यालय (आधारभूत तहदेखि कक्षा १२ सम्म) छन् । विसं २०७९ मा सामुदायिक, संस्थागत र धार्मिक विद्यालय गरी ३६ हजार ५०२ विद्यालय रहेका थिए ।

शिक्षा, विकास तथा मानव स्रोत विकास केन्द्रको आँकडाअनुसार २०८० सालमा सामुदायिक र संस्थागत दुवैमा गरी आधारभूत तह कक्षा ५ सम्म १७ हजार ६१७, आधारभूत तह कक्षा ८ सम्म छ हजार ७६७, माध्यमिक तह कक्षा १० सम्म छ हजार ६७२ र माध्यमिक तह कक्षा १२ सम्म चार हजार ८२० विद्यालय रहेका छन् । केन्द्रका महानिर्देशक दीपक शर्मा जन्मदर कम हुँदै जानु, सहरी क्षेत्रमा संस्थागत (निजी) विद्यालयका विद्यार्थी बढ्नु र ग्रामीण क्षेत्रबाट नागरिकको सहरी क्षेत्रमा बसाइँसराइ बढ्नुले धेरै सामुदायिक विद्यालयमा विद्यार्थी कम भएको बताउँछन् ।

दोलखाको रोल्वालिङमा ११ परिवारमात्रै रहेको र त्यहाँ आठजना मात्रै विद्यालय उमेरका बालबालिका रहेको स्थितिमा त्यहाँको प्राथमिक विद्यालय बन्द वा समायोजन गराउने हो भने त्यहाँका बालबालिका अर्को गाउँको विद्यालयमा पुग्न दुई घन्टासम्म हिँडेर जानुपर्ने अवस्था रहेको बारेमा पनि सोच्नुपर्ने उनको भनाइ छ । विद्यालय समायोजन नीतिमा आधा घन्टाभन्दा कम पैदल दूरीमा पर्ने सामुदायिक विद्यालयमा १५ भन्दा कम विद्यार्थी भएमा नजिकैको विद्यालयमा मर्ज गर्नुपर्ने व्यवस्था रहेको छ ।

निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ ले बालबालिकालाई आधारभूत तहसम्म पायक पर्ने विद्यालयमा निःशुल्क शिक्षा दिनुपर्ने भएकाले न्यून विद्यार्थी भए पनि दुर्गम गाउँका विद्यालयलाई कायम गरिएको महानिर्देशक शर्माले बताए । सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सामुदायिक विद्यालयमा प्राविधिक धारका कार्यक्रमको नक्सांकन गरी पुनःसंरचना गर्ने, विद्यालयमा प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहित गर्ने, विभिन्न क्षेत्रमा सीप विकासका लागि १० कक्षा उत्तीर्ण विद्यार्थीका लागि विशेष कार्यक्रम लागू गर्ने योजना छ ।

नीति तथा कार्यक्रममा शिक्षा प्रणालीमा परिमार्जन गर्ने लक्ष्य लिएको यस नीति तथा कार्यक्रममा ज्येष्ठ नागरिकबाट नयाँ पुस्ताका बालबालिका तथा युवावर्गमा ज्ञान, सीप तथा अनुभव पुस्तान्तरण गर्न आवश्यक प्रबन्ध गरिने र विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाइ शिक्षण सिकाइमा रहेको असमानता कम गर्न र गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न 'एक पालिका एक स्मार्ट विद्यालय' अवधारणा कार्यान्वयनमा ल्याइने उल्लेख छ । *रासस*

# 'सरकारले थर सूचीकरणमा ढिलाइ गर्दा दलित समुदाय मर्कामा परे'

**काठमाडौं–** राष्ट्रिय दलित आयोगले थर सूचीकरण गर्न सरकारले ढिलाइ गर्दा दलित समुदाय मर्कामा परेको जनाएको छ । एक वर्षदेखि आयोगले थर सूचीकरण गराउन सरकारसमक्ष सिफारिस गर्दै आए पनि अहिलेसम्म कुनै सुनुवाइ नभएको आयोगको गुनासो छ ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिको बुधबारको बैठकमा आयोगका अध्यक्ष देवराज विश्वकर्माले दलितको थर राजपत्रमा प्रकाशन गराउनका लागि सरकारलाई निर्देशन दिन समितिसमक्ष आग्रह गरे । बैठकमा 'राज्यको मूलप्रवाहमा दलित समुदायको समावेशिताको अवस्था र यस सम्बन्धमा राष्ट्रिय दलित आयोगले खेल्दै आएको भूमिका' बारेमासमेत छलफल भएको थियो ।

छलफलमा आयोगले प्रस्तुत गरेको कार्यप्रतिवेदनमा सांसदहरूले विभिन्न जिज्ञासा र सुझाव राखे । समितिका सभापति किरणकुमार साहले दलित समुदायमाथि हुने विभेद अन्त्यको सुरुआत व्यक्ति स्वयंबाट थालनी गर्नुपर्ने बताए । उनले आफनो गाउँमा १५ वर्षदेखि दलित समुदायलाई विभेदमुक्त बनाउन गरेको प्रयास र प्राप्त सफलताबारे उदाहरण पेस गर्दै विभेद अन्त्यका लागि सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नु जरूरी रहेकामा जोड दिए ।

सांसदहरू सुशीला श्रीपाली ठकुरी, कल्पना मियाँ, लक्ष्मी तिवारी, शोभा ज्ञवाली, सीताकुमारी राना, शान्ती श्रेष्ठ, सरस्वती बजिमय, शान्ति विक, आशा विकलगायतले आयोगको कार्यप्रतिवेदनमाथि विचार राखे । उनीहरूले निर्वाचन आयोगले उठान गरेको दलित वडा सदस्यको स्थानमा व्यक्ति नभएको खण्डमा अन्य समावेशी समूहका व्यक्ति राख्ने विषयमा आपत्ति जनाएका थिए ।

सांसद ज्ञवालीले दलितको स्थानमा दलित महिला नै हुनुपर्ने, नभएको अवस्थामा अन्य समुदायलाई समावेश गर्न नहुने राय व्यक्त गरिन् । 'दलित महिलाको कोटामा दलित महिला नभए रित्तै राख्नुपर्छ तर अरू समुदायबाट राख्नु हुँदैन, यो समावेशिताको सिद्धान्तविपरीत हुन्छ,' उनले भनिन् । आयोगका अध्यक्ष विश्वकर्माले दलित समुदायको आरक्षण र प्रतिनिधित्वबारे आयोग सधैं पक्षधर रहेको बताए । दलित आयोग संवैधानिक हुँदाहुँदै राज्यले आवश्यक स्रोतसाधन नदिँदा कार्यसम्पादनमा समस्या झेल्नुपरेको सुनाए । 'तीन वर्षको अवधिमा १४ जना दलित समुदाय विभेदकै कारण मारिएका छन्, आयोगले सशक्तरूपमा आवाज उठाउनुपर्ने थुप्रै विषय छन् तर स्रोतसाधनको अभावमा हामी पनि खुम्चिएका छौं ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०९/०७ मा दर्ता भएको **प्रा.लि. नं. ४३०४८** को **कालिका इन्फो टेक प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०८/२७ मा दर्ता भएको **प्रा.लि. नं. २७९५१५** को **फिफ्टिन पायोनियर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०९/०१ मा दर्ता भएको **प्रा.लि. नं. १६०२११** को **सन इन्टरनेशनल ट्रेडर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०४/०४ मा दर्ता भएको **प्रा.लि. नं. ३१५४२९** को **एल. डी. टेक्सटाइल ईण्डष्ट्रीज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सच्याइएको सूचना**

यस समूहको मिति २०८१ असार १२ गते प्रकाशित गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्ने सम्बन्धीको सूचनामा गोलिया काठ थान ३५ को ६२२.८२ क्यु.फि. हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

**श्री गाजी सामुदायिक वन उपभोक्ता समूह**
नरैनापुर गा.पा.-१, बाँके

**श्रीराम सुगर मिल्स लिमिटेड**
**महम्मदपुर, गरुडा, रौतहटको**
**२६औं, २७औं, २८औं र २९औं वार्षिक साधारण सभाको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८१/०३/२१**

श्रीराम सुगर मिल्स लिमिटेडको मिति २०८१।०३।११ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको २६औं, २७औं, २८औं र २९औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
मिति : २०८१।०४।११ गते शुक्रबार
स्थान : अर्पण बैंकट, नयाँ बानेश्वर, काठमाण्डौं
समय : बिहान ११ बजे

**सभामा छलफल र निर्णयका लागि प्रस्तुत हुने विषयहरु :**
१. संचालक समितिको तर्फबाट अध्ययक्षज्यूले पेश गरेको आ.व.२०७६।०७७, २०७७।०७८, २०७८।०७९, र २०७९।०८० को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरिक्षण गरिएको आ.व.२०७६।०७७, २०७७।०७८, २०७८।०७९, र २०७९।०८० को वासलात सोही आ.व.को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८०।८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. आगामी कार्यकालको लागि संचालकहरुको निर्वाचन गरी संचालक समितिको गठन गर्ने सम्बन्धमा ।
५. संचालक समितिले गरेको काम कार्यवाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
६. विविध ।

**द्रष्टव्य:**
साधारण सभा सम्बन्धि जानकारी, संचालक समितिको वार्षिक प्रतिवेदन तथा कम्पनीको संक्षिप्त आर्थिक विवरण कम्पनीको रजिष्टर्ड कार्यालय गणबहाल, काठमाण्डौंबाट प्राप्त गर्न सकिने छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!!**
**शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।**

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

**COMPANY: COMPASS CATERING SERVICES, QATAR**
**कम्पनी : कम्पास क्याटरिङ सर्भिसेस, कतार**

Pre Approval Date : 2024-07-02 | LT. No. 307034 | चलानी नं. ६०२२१८३३
पूर्व स्वीकृति मिति : २०८१/०३/१८ | एल टि न. ३०७०३४ | Invoice No. 60221833

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR (Baggage Handler) | 81 | 0 | 1000 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

The final interview will be conducted in the office on 29 & 30 July, 2024.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १४ र १५ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

**नोट:** आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कसले ब्यहोर्ने who will bear the Service Fee: रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

Handlers Job Selection Criteria:
A. Must have excellent health physically and mentally fit.
B. Candidates must disclose if they worked with Compass-Qatar, Compass-Saudi, ADNH.
C. Candidates should know basic English.
ह्यान्डलर छनोटका मापदण्डहरु :
क. शारीरिक र मानसिक रूपमा स्वस्थ ।
ख. उम्मेदवारले कम्पास-कतार, कम्पास-साउदी, ए.डि.एन.एच्. (ADNH) मा काम गरेको भए खुलासा गर्नुपर्नेछ ।
ग. उम्मेदवारले आधारभूत अंग्रेजी जानेको हुनुपर्नेछ ।

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** ALIGN TEAM LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२६ LT. No.297664 चलानी नं.६०२१२७३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Filling Clerk | 5 | 0 | 900 | ३२,५२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 35 | 0 | 1400 | ५०,४९५ | | | | | | | |

**कम्पनी :** THE VALET LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२६ LT. No.297731 चलानी नं.६०२१२८१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer Service Representative | 96 | 0 | 1100 | ३९,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 142 | 0 | 1400 | ५०,४९५ | | | | | | | |
| 3 | Kitchen Helper | 25 | 0 | 900 | ३२,५२५ | | | | | | | |
| 4 | Revenue Assistant | 10 | 0 | 2000 | ७२,२८० | | | | | | | |
| 5 | Shift Supervisor | 25 | 0 | 2000 | ७२,२८० | | | | | | | |
| 6 | Waiter | 25 | 0 | 1100 | ३९,७५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** AL MATER SERVICED APARTMENTS COMPANY

पूर्व स्वीकृति मिति २०८१/०३/२५ LT. No. :307374 चलानी नं.६०२२२०६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २५७/०५८/०५९

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** THE VALET LLC

पूर्व स्वीकृति मिति २०८०/०८/०४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२६ LT No.289672 चलानी नं ६०२०४९३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concierge/doorman | 49 | 0 | 1200 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 25 | 0 | 900 | ३२,२०० | | | | | | | |
| 3 | Parking Attendant | 50 | 0 | 1100 | ३९,३५५ | | | | | | | |
| 4 | Revenue Controller | 8 | 0 | 2000 | ७१,५५० | | | | | | | |
| 5 | Shift Supervisor | 46 | 0 | 2000 | ७१,५५० | | | | | | | |
| 6 | Valet Driver | 107 | 0 | 1400 | ५०,०८५ | | | | | | | |
| 7 | Waiter | 25 | 0 | 1100 | ३९,३५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

# प्रभाव दैनिक





## 'एक्लो'मा दिनेश डिसी र सुरजसिंह

प्रदीप शाहीले निर्देशन गर्न लागेको सिनेमा 'एक्लो' मा संचारकर्मी तथा अभिनेता द्वय दिनेश डीसी र सुरज सिंह ठकुरी अनुबन्ध भएका छन् । निर्माण टिम र द्वय अभिनेता बीच औपचारिक सम्झौता भएको हो । भाद्र महिनाको दोश्रो साताबाट छायांकनमा जाने तयारीमा रहेको सिनेमामा अभिनेता प्रदीप खड्का, विजय लामा, सुनिल थापा, एवनराज उप्रेती, अभिनेत्री बेनिशा हमाल, कविता नेपाली, दीया पुन, बेलायती अभिनेता जेमी बेकन लगायत अनुबन्धित भइसकेका छन् ।




बिहीबार, २७ असार २०८१ (Thursday, July 11, 2024)




# 'ईश्वरमा निडर र निष्ठावान चरित्र छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नायक तथा निर्माता ध्रुव थापा फिल्म 'ईश्वर' लिएर आगामी साउन ११ गतेदेखि दर्शकमाझ आउँदैछन् । रेडियो नाटक, स्टेज नाटक, भिडियो फिल्म, टेलिफिल्म र केही फिल्ममा अभिनय गरेका ध्रुव फिल्म 'ईश्वर'बाट आशावादी छन् ।

फिल्म 'ईश्वर'मा ध्रुवले निर्माता र नायक दुवै जिम्मेवारी बोकेका छन् । 'फिल्ममा निडर, निष्टावान, न्यायको पक्षमा लड्ने, परिवारलाई माया, मद्दत गर्ने सकारात्मक चरित्रमा छु । मेरो चरित्र समय, देश, न्याय र जनताको पक्षमा लडिरहन्छ', हाल अमेरिकामा रहेका ध्रुव भन्छन् ।

फिल्ममा सुनील थापा, सबिन बास्तोलालगायतका दिग्गज कलाकारको अभिनय छ । दिग्गज कलाकारसँग काम गर्न पाउँदा ध्रुव खुशी छन् । 'कामको संख्याका आधारमा मसँग काम गर्ने कलाकारहरू सिनियर हुनुहोला । तर समय र अनुभवले म आफूलाई जुनियर मान्दिनँ । किनकी एउटा सक्षम कलाकारको कर्तव्य र सीमा के हो मैले राम्रोसँग बुझेको छु', उनी भन्छन्, 'फिल्ममा स्थापित कलाकारहरूसँग काम गर्न निकै सजिलो भयो । म आफूलाई नयाँ कलाकार जस्तो लाग्दै लागेन । केही समय ग्यापिङ भए पनि म आफूलाई निरन्तरता दिएको कारणले गर्दा म आफूलाई पुरानै कलाकार भन्न रुचाउँछु ।'

ध्रुवले २०४८ सालमा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र पोखरामा आफ्नै लेखन र प्रस्तुतीमा गीति कथा र रेडियो नाटकबाट कला यात्रा सुरु गरे । 'मैले विभिन्न स्टेज नाटक, रेडियो नाटक, भिडियो फिल्म, टेलिफिल्म हुँदै केही फिचर फिल्ममा अभिनय पनि गरें । म कला क्षेत्रमा स्थापित हुन नसकेको मात्र हो । पारिवारिक व्यस्तता, लगानीको प्रमुख पाटो र नातावाद, कृपावाद आदिले गर्दा म केही समय हराए । अहिले सबै कुराको एडजस्ट भएको छ । त्यसैले नेपाली फिल्ममा पुनः फर्किएको भन्न रुचाउँछु ।'

ध्रुवले 'हिजो आजका कुरा', 'तितो सत्य', 'मेरी बास्सै' 'थोरै भए पुगिसरी', 'जिरे खुर्सानी'लगायत दर्जनौं सिरियलमा अभिनय गरेका छन् । उनले २५ वर्षअघि 'परेलीको माझ' र टेलिफिल्म 'तिहार' निर्माण गरेका थिए । तर दुवै सिर्जना दर्शकमाझ आउन सकेन । ध्रुव फिल्म, नाटकमा अभिनय गर्न निकै 'इन्जोय' अनुभव गर्छन् ।

फिल्म 'ईश्वर'प्रति उनी निकै उत्साहित छन् । 'प्रदर्शन मिति नजिकिँदै गर्दा मलाई डरभन्दा बढी उत्साह छ । मैले यो फिल्ममा मुख्य पात्रको भूमिका निभाएको छु । त्यसकारण दर्शकको माया पाउनेमा विश्वस्त छु', उनी भन्छन् ।

पोखरामा जन्मिएका ध्रुवले कलाकार माओत्से गुरुङसँगै रंगमञ्चबाट काम सुरु गरेका हुन् । आफू माओत्से जस्तो स्थापित हुन नसके पनि त्यो स्थानमा पुग्न संघर्षरत रहेको उनी दाबी गर्छन् । कविता, गीत, गजल लेख्न रुचाउने ध्रुवले वर्षमा दुईवटा नेपाली फिल्म निर्माण गर्ने अठोट लिएका छन् । 'त्यसको सुरुवात ईश्वरबाट गरेको हुँ', उनी भन्छन् । उनले लेखेका चारवटा गीत युट्युबमा यसअघि नै आइसकेका छन् । फिल्म 'ईश्वर'मा राजु गिरीको निर्देशन छ ।

# निर्भला र कौशिला बने 'मिस एन्ड मिसेज डिस्याबिलिटी क्विन'




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस एन्ड मिसेज डिस्याबिलिटि क्विन २०२४'को उपाधि निर्भला भण्डारी र कौशिला बिष्टले जितेका छन् । काठमाडौं काडाँघारीकी भण्डारीले मिस र सुदुरपश्चिमकी बिष्टले मिसेस तर्फको शीर्ष उपाधि हात पारेका हुन् । प्रतियोगितामा हेटौडाकी रोजिना स्याङ्तान फष्टरनरअप र दोलखाकी निर्माया मगर सेकेन्ड रनरअफ भए ।

ग्रिनआर्टस् मिडिया प्रालिको आयोजनामा मंगलबार साँझ दियो महल, घुम्बाराहीमा सम्पन्न प्रतियोगीतामा दर्जनबढी सव-टाइटल समेत बढिएको थियो । जसमा शोभा श्रेष्ठले बेष्ट पपमेन्स, बिनु थापाले मष्टपपुलर, रेवती कार्कीले मष्ट ट्यालेन्ट, निर्मला भण्डारीले बेष्टपर्सनालिटी, सानुकांची तामाङले मष्ट इस्पाइरिङ, मैया बिसुंखेले बबली पर्सनालिटी, निर्माया मगर बेष्ट स्क्रिन, उमा भुजेलले बेष्ट डिसिप्लेन, सुनमाया माभीले मष्ट हम्बल, राजिता खड्काले बेष्ट स्माइल, मीना मगरले मष्ट चार्मिङ, रोशनी थापाले मोष्ट ब्युटिफुल, बुद्धीकुमारी यारीले मष्ट अमेजिन, शोभा थापा मगर मोस्ट ग्लयामर, कौशिला बिष्टले मस्ट कन्फिडेन्ट, अस्मिता पौडेलले मोस्ट फोटोजेनिक, सम्झना भुजेलले मोस्ट फ्रेन्ड्ली र रोजिना स्याङ्तानले बेस्ट हेयरको उपाधि हात पारे ।

अपाङ्गता भएका व्यक्तिहरूको क्षमता साथै उनीहरूमा लुकेर बसेको प्रतिभालाई समाजमा उजागर गर्दै अगाडि बढ्न प्रेरणा र हौसला प्रधान गर्ने उद्देश्यले प्रतियोगीता आयोजना गरिएको आयोजक संस्था ग्रिन आर्ट मिडियाकी निर्देशक तथा प्रतियोगीताकी कोरियोग्राफर अनिला श्रेष्ठले बताइन् ।

निर्णाय (एनएसके) श्रेष्ठ, लक्ष्मी महत, प्रकृति मैनाली, सिंह रुद्रहरि ग्यावली, सिंह शंकर शारदा लगायत प्रतियोगीताको निर्णायकमा रहेका थिए ।



# ललित स्मृति एन्फा यु-१८ युथ लिगको पुरस्कार घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं-** अखिल नेपाल फुटबल सङ्घको आयोजनामा यही असार ३० गतेदेखि हुने ललित स्मृति एन्फा यु-१८ युथ लिगको विजेताले रु एक लाख प्राप्त गर्ने भएको छ ।

यहाँ आयोजित पत्रकार सम्मेलनमा अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का उपाध्यक्ष तथा लिग संयोजक दीपक खतिवडाले लिग विजेताले रु एक लाख तथा उपविजेतालाई रु ५० हजार प्रदान गरिने घोषणा गरे । उनका अनुसार विधागततर्फ उत्कृष्ट हुनेलाई रु १५ हजार प्रदान गरिनेछ । संयोजक खतिवडाले प्रतियोगिताको तयारीबापत सहभागी क्लबले रु तीन लाख ५० हजार प्राप्त गरिने र लिगका सम्पूर्ण खेल सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा आयोजना गरिने जानकारी दिए ।

यही असार ३० गतेदेखि सुरू हुने लिगको उद्घाटन खेलमा न्युरोड टिम (एनआरटी) र चर्च ब्वाइज युनाइटेड भिड्ने भएका छन् । उक्त खेल दिउँसो १ बजे सुरू हुनेछ ।

प्रतियोगितामा गत संस्करणमा 'ए' डिभिजन खेलेका एपिएफ फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड, एफसी खुमलटार, जावलाखेल युथ क्लब र मच्छिन्द्र फुटबल क्लबले प्रतिस्पर्धा गर्नेछन् । यसैगरी मनाङ मर्स्याङ्दी क्लब, नेपाल पुलिस क्लब, न्युरोड टिम, संकटा क्लब, सातदोबाटो युथ क्लब, थ्रीस्टार क्लब र त्रिभुवन आर्मी फुटबल क्लब पनि प्रतिस्पर्धामा सहभागी हुने आयोजकले जनाएको छ ।

# जिम्बाबेविरुद्ध भारत विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतले जिम्बाबेविरुद्धको टी-२० सिरिजमा लगातार दोस्रो जित हासिल गरेको छ । बुधबार भारतले सिरिजको तेस्रो खेल २३ रनले जितेको हो । भारतले दिएको १८३ रनको लक्ष्य पछ्याएको जिम्बाबेले २० ओभरमा ६ विकेट गुमाउँदै १५९ रन मात्र बनाएको थियो ।

जिम्बाबेका लागि डिओन मेयर्सले सर्बाधिक ६५ रन बनाएका थिए भने क्लीभ माडान्डेले ३७ रन बनाएका थिए । त्यसैगरी भारतीय बलर वाशिंटन सुन्दरले सर्बाधिक ३ विकेट लिए भने अभेश खानले २ तथा खलील अहमदले एक विकेट लिएका थिए ।

यस अघि टस जितेर पहिला ब्याटिंग गरेको भारतले २० ओभरमा ४ विकेट गुमाएर १८२ रन बनाएको थियो । भारतका लागि कप्तान शुभमन गिलले सर्बाधिक ६६ रन बनाए भने रुतुराज गायकवाडले ४९ तथा यशस्वी जयसवालले ३६ रन बनाएका थिए । त्यस्तै जिम्बाबेका बलर ब्लेसिंग मुजाराबानी र सिकन्दर राजाले २-२ विकेट लिएका थिए ।

यो जितसँगै भारत ५ खेलको सिरिजमा २-१ ले अगाडी भएको छ । यस अघि सम्पन्न दोस्रो खेलमा भारत विजयी भएको थियो भने पहिलो खेलमा जिम्बाबे विजयी भएको थियो । अब सिरिजको चौथो खेल शनिबार हुने तालिका रहेको छ ।

## दोस्रो अभ्यास खेलमा पनि नेपाल पराजित

काठमाडौं (प्रस)- श्रीलंका क्रिकेट बोर्डको महिला विकास टोलीसँगको दोस्रो अभ्यास खेलमा पनि नेपाली राष्ट्रिय महिला टोली पराजित भएको छ । बुधबार सम्पन्न खेलम नेपाल चार विकेटले पराजित भएको हो । नेपालले दिएको १०७ रनको लक्ष्य श्रीलंका क्रिकेट बोर्डको महिला विकास टोलीले अन्तिम बल बाँकी रहँदा ६ विकेट गुमाएर पूरा गऱ्यो । श्रीलंका क्रिकेट बोर्डको महिला विकास टोलीकी सेनार्थेले सर्वाधिक २७ रन बनाइन् ।


## युनाइटेड वाइनरी प्रा.लि.

गोडावरी -१३, ललितपुर

Vat no.610151417
Excise no. 34000110460

**युनाइटेड वाइनरी प्रा.लि. गोडावरी -१३ ललितपुरको मूल्यसूची सम्बन्धी सूचना**

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका वाइनहरु नेपाल अधिराज्य भरि मिति २०८१/०३/२७ गते देखि लागु हुनेगरी निम्न मुल्यमा विक्रि वितरण गरिने हुँदा सर्वसाधारणलाई जनकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Brand Name | Packaging | N.D. Price | N.D. Margin | R.D. Price | R.D. Margin | Dealer Price | Dealer Margin | Wholesale Price | Wholesale Margin | Retai Price | MRP. pr btl |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rising Royals Red Wine | 12*750ml | 8760 | 438 | 9198 | 460 | 9658 | 579 | 10237 | 400 | 10637 | 975 |
| 2 | Rising Royals White Wine | 12*750ml | 8760 | 438 | 9198 | 460 | 9658 | 579 | 10237 | 400 | 10637 | 975 |
| 3 | Rising Royals Box 4ltrs Red Wine | 4*4ltrs | 12186 | 609.30 | 12795.30 | 640 | 13435 | 806 | 14241 | 569 | 14810 | 4075 |
| 4 | Rising Royals Box 4ltrs White Wine | 4*4ltrs | 12186 | 609.30 | 12795.30 | 640 | 13435 | 806 | 14241 | 569 | 14810 | 4075 |

माथि उल्लेखित मुल्यसूचीमा मु.अ.कर (VAT) समेत समावेश गरिएको छ ।

# युद्ध अन्त्य गर्न पुटिनलाई मोदीको आग्रह



**वासिंटन डिसी–** रूससँगको भारतको सम्बन्धले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमा द्वन्द्व अन्त्य गर्न आग्रह गर्ने क्षमता दिएको ह्वाइट हाउसले मंगलबार जनाएको छ। युक्रेन द्वन्द्वको समाधान युद्धभूमिमा नभई वार्तामा निहित रहेको भन्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपति पुटिनलाई युद्ध अन्त्य गर्न आग्रह गरेका हुन्।

ह्वाइट हाउसका सञ्चार सचिव करिन जिन पियरेले भारतलाई अमेरिकाको ‘रणनीतिक साझेदार’ बताउँदै उनले युक्रेनमा स्थायी शान्ति कायम गर्ने प्रयासलाई भारतसहित सबै राष्ट्रले समर्थन गर्नु महत्त्वपूर्ण रहेको बताए। ‘रूससँगको भारतको लामो समयदेखि रहँदै आएको सम्बन्धले राष्ट्रपति पुटिनलाई युक्रेनमा युद्धको अन्त्य गर्न आग्रह गर्ने क्षमता दिएको छ,’ उनले बताए।

‘हाम्रो आउँदो पुस्ताको उज्ज्वल भविष्यका लागि शान्ति सबैभन्दा महत्त्वपूर्ण छ भन्ने एक मित्रको रूपमा मैले सधैं भन्ने गरेको छु। युद्धभूमिमा समाधान सम्भव छैन अर्थात् बम, बन्दुक र गोलीको बीचमा समाधान र शान्ति वार्ता सफल हुँदैन। हामीले वार्ताको माध्यमबाट मात्र शान्तिको मार्ग अनुशरण गर्नुपर्ने छ,’ बैठकमा प्रधानमन्त्री मोदीले बताए।

सन् २०२२ मा मस्को र किएभबीच युद्ध सुरु भएपछि प्रधानमन्त्री मोदीको यो पहिलो रूस भ्रमण हो। भारतले युक्रेन र रूसबीचको द्वन्द्व समाधानका लागि सधैं ‘शान्ति र कूटनीति’ को वकालत गरेको छ। यसअघि मंगलबार युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले प्रधानमन्त्री नरेन्द्र मोदीको रुस भ्रमणप्रति निराशा व्यक्त गर्दै यसलाई ‘शान्ति प्रयासमा विनासकारी प्रहार’ भनेका थिए।

प्रधानमन्त्री मोदी जुलाई ८ देखि ९ मा रूसको दुई दिने आधिकारिक भ्रमणमा रहेका थिए। आफ्नो भ्रमणको क्रममा उनले मंगलबार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग द्विपक्षीय बैठक गरेका हुन्। प्रधानमन्त्री मोदीले मस्कोमा भारतीय समुदायलाई पनि सम्बोधन गरेका छन्। *रासस/एएनआई*


## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORKFORCE INTERNATIONAL NETWORK SRL

पूर्व स्वीकृति मिति: २०८१/०३/१४ LT. No. 283833 चलानी नं. ६०२००१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 10 | 550 | ७३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 15 | 0 | 650 | ८६,८५५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 550 | ७३,४९० | | | | | | | |
| 4 | Cook Helper | 15 | 0 | 550 | ७३,४९० | | | | | | | |
| 5 | General Worker | 40 | 10 | 550 | ७३,४९० | | | | | | | |
| 6 | Waiter | 10 | 0 | 550 | ७३,४९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ७०३/०८४/८५

BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.

Basundhara, Kathmandu, Nepal, Tel: 01-5910659, Whatsapp: +977- 9851320507

Mob: 9851315983, 9818002688, 9851044323, 9861605199, 9841076393, 9810264566, 9843748018.

Email: brightstarhrnp@gmail.com/Web: brightstarhr.com


# भारतमा यात्रुबाहक बस र दूध टयांकरमा ठोक्किँदा १८ जनाको मृत्यु

**नयाँदिल्ली–** उत्तरी भारतीय राज्य उत्तर प्रदेशमा बुधबार यात्रुबाहक डबल डेकर बस दूध टयांकरमा ठोक्किएर दुर्घटनापछि १८ जनाको मृत्यु हुनुका साथै अन्य १९ जना घाइते भएको प्रहरीले जनाएको छ।

उत्तर प्रदेशको राजधानी लखनऊबाट करिब ६८ किलोमिटर पश्चिममा उन्नाओ जिल्लाको गाढा गाउँ नजिकैको लखनऊ-आगरा एक्सप्रेस वेमा दुर्घटना भएको हो। प्रहरीका अनुसार बिहारको सीतामढीबाट दिल्ली जाँदै गरेको डबल डेकर बसले पछाडिबाट दूधको कन्टेनरमा ठोक्किएपछि दुर्घटना भएको हो।

बुधबार बिहान ५:१५ बिहारको मोतिहारीबाट आउँदै गरेको निजी यात्रु बस यहाँ राष्ट्रिय राजमार्गमा दूध टयांकरसँग ठोक्किएको हो। दुर्घटनामा १८ जनाको ज्यान गएको र अन्य १९ जना घाइते भएका उन्नाओ जिल्ला मजिस्ट्रेट गौराङ राठीले मिडियालाई बताएका छन्। प्रारम्भिक अनुसन्धानले बस अत्यधिक गतिमा रहेको औंल्याएको छ।

घाइतेको नजिकको स्वास्थ्य केन्द्रमा उपचार भइरहेको र पछि जिल्ला अस्पतालमा रेफर् गरिएको राठीले बताए। दुर्घटनालगत्तै स्थानीयले प्रहरीलाई सूचना गरेपछि घाइतेहरूलाई अस्पताल पुऱ्याउन उद्धार टोली र एम्बुलेन्स घटनास्थलमा पुगेका थिए।

घटनास्थलमा पुग्दासम्म केही स्थानीयले घाइतेलाई क्षतिग्रस्त बसबाट बाहिर निस्कन मद्दत गरिरहेको एक प्रहरी अधिकारीले बताए। क्षतिग्रस्त बस र दूध टयांकरलाई क्रेन प्रयोग गरेर सडकबाट निकालिएको छ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले दुर्घटनाप्रति दुःख व्यक्त गर्दै घाइतेको उचित उपचार सुनिश्चित गर्न अधिकारीलाई निर्देशन दिएका छन्।

प्रहरीले मुद्दा दर्ता गरी दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धानको आदेश दिएको छ। भारतमा हरेक वर्ष लगभग पाँच लाख सडक दुर्घटनामा एक लाख ५० हजार मानिसहरूको मृत्यु हुने अधिकारीले बताएका छन्। *रासस/सिन्ह्वा*

# इरानका नवनिर्वाचित राष्ट्रपतिले जुलाई ३० मा शपथ लिने

**तेहरान–** इरानका नवनिर्वाचित राष्ट्रपति मसूद पेजेस्कियानले आगामी जुलाई ३० मा संसद्समक्ष पद तथा गोपनीयताको शपथ लिने भएका छन्।

इरानी विधायिकाको पद तथा गोपनीयताको शपथ ग्रहण समितिका सदस्य मोज्ताबा युसेफीलाई उद्धृत गर्दै सरकारी समाचार संस्था आइआरएनएले लेखेको छ, ‘नवनिर्वाचित राष्ट्रपति पेजेस्कियानको शपथ ग्रहण समारोह जुलाई ३० मा हुने छ।’

युसुफीले यसै साताको सुरुमा शपथ ग्रहण अगस्ट ४ वा ५ मा हुने सम्भावना रहेको बताएका थिए। इरानका राष्ट्रपतिलाई राष्ट्रप्रमुखको अधिकार दिइएको छैन। राष्ट्रप्रमुखले सम्हाल्ने सबै अन्तिम अधिकार सर्वोच्च नेतालाई दिइएको छ। अयातुल्लाह अली खामेनीले विगत ३५ वर्षदेखि यो पद सम्हाल्दै आएका छन्।

गत शुक्रबार (जुलाई ५) मा भएको निर्वाचनमा पेजेस्कियानले परम्परावादी समूहका सइद जलीलीलाई पराजित गर्दै दोस्रो चरणको निर्वाचनमा जित हात पारेका थिए। निर्वाचनमा ६९ वर्षीय सुधारवादी पेजेस्किएनले कूल खसेको तीन करोड मतमध्ये करिब ५४ प्रतिशत मत प्राप्त गरेका थिए।

गत मे महिनामा राष्ट्रपति इब्राहिम रायसीको हेलिकप्टर दुर्घटनामा परी निधन भएपछि जुन २८ का लागि पहिलो चरणको निर्वाचनको घोषणा गरिएको थियो। पहिलो चरणको निर्बाचनमा कुनै पनि उम्मेदवारले स्पस्ट बहुमत अर्थात् खसेको मतको ५० प्रतिशतभन्दा बढी मत ल्याउन असफल भएपछि प्रतिस्पर्धी दुई उम्मेदवारबीच जुलाई ५ मा दोस्रो चरणको निर्वाचन भएको थियो। *रासस/एएफपी*

# रूसी अदालतद्वारा नाभाल्न्यालाई गिरफ्तारीको आदेश

**मस्को (रूस)–** मस्कोको एक अदालतले दिवंगत विपक्षी राजनीतिज्ञ अलेक्सी नाभाल्नीकी पत्नी युलिया नाभाल्न्यालाई उनी देशमा नरहेको समयमा पक्राउ आदेश दिएको उनका प्रवक्तालाई उद्धृत गर्दै मंगलबार सिएनएनले जानकारी गराएको छ।

मस्कोको बासमनी जिल्ला अदालतले नाभाल्न्यालाई ‘चरमपन्थी संठनमा संलग्न भएको’ आरोप लगाएको प्रवक्ता किरा यर्मिसले सामाजिक सञ्जालमार्फत जानकारी दिएका हुन्। नावाल्न्याको नाम पनि अन्तर्राष्ट्रिय ‘वाञ्छित सूची’मा समावेश गरिएको रूसी सञ्चारमाध्यम आरआइए नोभोस्तीलाई उदृत गर्दै सिएनएनले जनाएको छ।

अदालतले नाभाल्न्यालाई थप हिरासतमा राख्न रूसको अनुसन्धान समितिको अनुरोधलाई अनुमति दिएको छ। विज्ञप्तिमा नजरबन्दको अवधि रूसी क्षेत्रमा सम्भावित उनको नजरबन्दबाट गणना गरिने छ। यद्यपि, नाभाल्न्या भने अहिले रूसभन्दा बाहिर बस्दै आएकी छन्। चरमपन्थी समुदायलाई उक्साएको, तथा वित्त पोषण गरेको विभिन्न अपराधमा दोषी ठहर गरेपछि १९ वर्षको सजाय भोगिरहेका नाभाल्नीको साइबेरियाको जेलमा गत फेब्रुअरी १६ मृत्यु भएको थियो।

उनलाई पहिले नै अपराध र अन्य अभियोगमा अधिकतम सुरक्षा सुविधामा साढे ११ वर्षको सजाय भएको थियो। उनले भने आरोपहरू अस्वीकार गरेका थिए र यसलाई राजनीतिबाट प्रेरित पनि भनिएको थियो। *रासस/एएनआई*


## अथर्व बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**प्रधान कार्यालय, का.म.न.पा.–०७, चुच्चेपाटी, काठमाडौं**

**फोन नं. : ०१–४५७४४०२, ४५९५४०२**

### धितो लिलाम सम्बन्धी १५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०३/२७ गते**

यस अथर्व बहुउद्देश्यीय सहकारी संस्था लि. को प्रधान कार्यालय, चुच्चेपाटी काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीहरूले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना ब्याज लगायत अन्य दैदस्तुर आदि रकम नतिरी नबुझाई संस्थासँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरू उल्लंघन गरेको र संस्थाबाट पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वेवस्ता गरि बसेकोले मिति २०७२/१२/१६, मिति २०८०/०४/१५ र मिति २०८०/०५/०६ मा ‘**प्रभाव राष्ट्रिय दैनिक**’ मा क्रमशः ३५ दिने, १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण कर्जा रकम चुक्ता गर्न अनुरोध गर्दा समेत उक्त कर्जाको बक्यौदा साँवा र सोमा लागेको ब्याज, हर्जाना ब्याज लगायत अन्य दैदस्तुरहरू समेत चुक्ता भुक्तान गर्न तर्फ ऋणी तथा जमानीकर्ताले कुनै ध्यान नदिएकाले धितो सुरक्षणमा बापत संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा सहकारी ऐन, २०७४ को दफा ७९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सहकारी नियमानुसार प्रथमपटक मिति २०८०/१०/२८ गते ‘**प्रभाव राष्ट्रिय दैनिक**’ मा ३५ दिने धितो लिलामी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको निज ऋणीको आमाले उच्च अदालत पाटनमा उक्त लिलामी रोकी पाउँ भनि दायर गरेको रिट निवेदन मिति २०८१/०२/१६ गते खारेज भएको र निज ऋणीले हालसम्म पनि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाएकोले पुनः दोस्रो पटक १५ दिने धितो लिलामद्वारा बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरूले संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरू १६ (सोह्रौं) दिनका दिन खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरू अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। धितो लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गरेर लिँदा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा हाम्रो/मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितो बन्धकीमा रहेको चल/अचल सम्पत्ति बिक्री गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको घर घरानाको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट लेना रकम असुलउपर गरिने व्यहोरा समेत सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानीको विवरण | धितोको विवरण |
|---|---|---|
| नाम : भुवन नाथ<br>बाबुको नाम : कृष्ण नाथ<br>बाजेको नाम : राधी नाथ<br>ना.प्र.नं. : ८९<br>स्थायी ठेगाना : साविक दशरथचन्द-४, बैतडी<br>अस्थायी ठेगाना : बुढानिलकण्ठ न.पा.-८, काठमाडौं | नाम : शारदा कुमारी ऐर<br>बाबुको नाम : उधव सिंह ऐर<br>बाजेको नाम : सर्व सिंह ऐर<br>ना.प्र.नं. : ३९३<br>स्थायी ठेगाना : साविक अमरगढी-१०, डडेलधुरा<br>अस्थायी ठेगाना : बुढानिलकण्ठ न.पा.-८, काठमाडौं | भुवन नाथको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला साविक महाँकाल गा.वि.स. वडा नं. ३ सिट नं. १०२०९४८०७ स्थित कित्ता नं. १२४ को क्षेत्रफल १९१.०० व.मि. रहेको जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत। |

**लिलाम बिक्री सम्बन्धी शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस संस्थाबाट कार्यालय समय भित्र रु.१०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन / खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/ सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठीक ३:०० बजे बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रूपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा रहेको चुच्चेपाटीस्थित सानिमा बैंकको खाता नं. ००९०१००१००००४६८ मा जम्मा गर्ने वा नगद तथा गुडफर पेमेन्ट चेक मार्फत बुझाउनु पर्ने छ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको १५ (पन्ध्र) दिनभित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा, नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतःजफत हनेछ।
७. कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा नेगोशियस नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरूले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. सहकारी ऐन, २०७४ को दफा ७९ को उपदफा ६ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानुन तथा संस्थाको नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दाबी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पुनश्चः**

**धितो बन्धक लेखिदिनेलाई सूचना** : उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै धितो लिलाम हुने लिखित जानकारी यो सूचना प्रकाशन भएको पत्रिका सहित सम्बन्धित ऋणीको घर, ठेगानामा हुलाक मार्फत् पठाइएको छ। सो प्राप्त नभएमा पनि यसै सूचनालाई जानकारी प्राप्त भएको मानिनेछ। सूचनाको म्यादभित्र यथाशिघ्र कर्जा भूक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरू बमोजिम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय**
**२०८१/०४/१० बिहीबार कार्यालय समयसम्म**
**प्रधान कार्यालय, का.म.न.पा–७, चुच्चेपाटी, काठमाडौं**

**बोलपत्र खोलिने मिति, समय र स्थान**
**२०८१/०४/११ गते शुक्रबार दिनको ३:०० बजे**
**प्रधान कार्यालय, का.म.न.पा–७, चुच्चेपाटी, काठमाडौं**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १४४१०० प्रति तोला - १४३४०० प्रति तोला - १८७०

# मुद्रास्फीति दर वाञ्छित सीमाभित्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा आर्थिक तथा वित्तीय सूचकहरूको अवस्था सकारात्मक देखिएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको एघार महिनाको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मुद्रास्फीतिदर वाञ्छित सीमाभित्र देखिएको छ भने शोधनान्तर र चालुखाता बचतमा छन्। त्यस्तै अर्थतन्त्रको बाह्य क्षेत्र पनि सन्तुलित देखिएको छ। विदेशी मुद्रा सञ्चिति र विप्रेषण आप्रवाह बढेको छ।

राष्ट्र बैंकका अनुसार वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति गत जेठमा चार दशमलव १७ प्रतिशत रहेको थियो। खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ७६ र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति दुई दशमलव ९४ प्रतिशत रहेको छ। वार्षिक बिन्दुगत थोक मुद्रास्फीति पाँच दशमलव ४८ प्रतिशत छ।

गत जेठ मसान्तसम्ममा समीक्षा अवधिमा चालु खाता रु दुई खर्ब ३९ करोडले बचतमा रहेको छ भने पुँजीगत ट्रान्सफर रु पाँच अर्ब ४६ करोड कायम भएको छ। यो अवधिसम्मको खुद प्रत्यक्ष वैदेशिक लगानी रु आठ अर्ब १६ करोडले धनात्मक रहेको छ। यो अवधिसम्ममा शोधनान्तर स्थिति रु चार खर्ब २५ अर्ब ६७ करोडले बचतमा रहेको छ।

विसं २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति चालु आवको ११ महिना अवधिमा २७ दशमलव ८ प्रतिशतले वृद्धि भई २०८१ जेठ मसान्तमा रु १९ खर्ब ६७ अर्ब १९ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ को ११ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ दशमलव एक महिनाको वस्तु आयात र १२ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

यो अवधिमा विप्रेषण आप्रवाह १९ दशमलव ३ प्रतिशतले वृद्धि भई रु १३ खर्ब २७ अर्ब ५१ करोड पुगेको छ। चालु आवको जेठ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सफ्या चार लाख २२ हजार नौ सय ३६ र पुनःश्रम स्वीकृति लिनेको संख्या दुई लाख ६२ हजार सात सय पाँच रहेको छ। यो अवधिमा आयात एक दशमलव आठ, निर्यात तीन र कूल वस्तु व्यापार घाटा एक दशमलव सात प्रतिशतले घटेको छ।

जेठ मसान्तसम्ममा विस्तृत मुद्राप्रदाय नौ दशमलव एक प्रतिशतले वृद्धि भएको छ। बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन नौ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा पाँच दशमलव एक प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १२ दशमलव छ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर पाँच दशमलव छ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

# ‘भएको पैसा खर्च गर्न नसक्दा अर्थतन्त्रमा सुधार आएन’

■ प्रभाव संवाददाता




**नवलपुर (नवलपरासी)–** देशमा भएको पैसा खर्च गर्न नसक्दा अर्थतन्त्र सुधार हुन नसकेको भन्दै विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। नवलपरासी (बर्दघाट-सुस्तपूर्व)को गैंडाकोटस्थित विजय विकास स्रोत केन्द्रको ४६औं स्थापना दिवसको अवसरमा आयोजित ‘सहकारी सुशासनः असल अभ्यास, चुनौती र आगामी बाटो’ विषयक सहकारी संवादमा विज्ञहरूले देशको पुँजीगत बजेट पर्याप्त खर्च नहुँदा अर्थतन्त्र सुधार हुन नसकेकामा चिन्ता व्यक्त गरेका हुन्।

काठमाडौं विश्वविद्यालयका रजिष्ट्रार एवं अर्थशास्त्री प्रा डा अच्युत वाग्लेले पुँजीगत खर्च हुन नसक्नु देश विकासका लागि चुनौतीपूर्ण भएको बताए। ‘सरकारले बजेटको करिब १८ प्रतिशत रकम विकास खर्च छुट्याउँछ त्यसको पनि बल्लबल्ल ४० प्रतिशत मात्रै खर्च हुन्छ, अर्थतन्त्रको सुधार हुननसक्नुको मुख्य कुरा यही हो’, उनले भने। नागरिकले राज्यसँग आशा गर्न छोडेकाले विदेशीने क्रम निरन्तर बढ्दै गएको भन्दै डा. वाग्लेले अब राज्यले आशा जगाउने गरी काम गर्नसक्नुपर्ने बताए।

संस्थागत विकास एवं सुशासनविज्ञ नम्रता शर्माले साहु महाजन र ढुकुटीजस्ता प्रथामा भित्रिएको विकृतिका कारण अर्थतन्त्रमा समस्या आएको बताइत्। आमनागरिकमा वित्तीय साक्षरता नपुग्दा धेरै नागरिक सहकारीमा ठगिन पुगेका पनि उनको भनाइ छ। सहकारीले साँच्चिकै समुदायका लागि काम गरेको छ कि छैन भनेर अध्ययन गर्नुपर्नेमा शर्माले जोड दिइन्।

कार्यक्रममा नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेड (नेफ्स्कुन)का अध्यक्ष चन्द्रप्रसाद ढकालले सहकारीका नेतृत्वकर्ताले सुशासनमा ध्यान नदिएकाले केही सहकारीहरू समस्याग्रस्त भएका बताए। सहकारीमा भित्रिएको अस्वभाविक विषयलाई समयमै नियन्त्रण गर्न नसक्दा त्यसको असर देशव्यापी फैलिएको भन्दै उनले सहकारीले सदस्यलाई केन्द्रमा राखेर काम गर्ने परिस्थिति सिर्जना गर्न सके समस्या नआउने धारणा राखे।

संवादमा राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाईंले खराब कर्जाका कारण सहकारीमा कर्जा जोखिम बढेको उल्लेख गरे। सहकारीको जोखिम व्यवस्थापनतर्फ ध्यान दिँदै सञ्चालकले कर्जा नलिने, संस्थागत पुँजी जगेडा कोष पाँच प्रतिशतभन्दा बढी पुऱ्याउने र कर्जा असुलीमा ध्यान दिनसके सहकारी कहिल्यै नडुब्ने उनको भनाइ थियो। समस्याग्रस्त २१ वटा सहकारी संस्थाको संस्थागत पुँजी शून्य दशमलव पाँच प्रतिशत पनि नभएको हुँदा त्यस्ता सहकारीमा समस्या देखिएको उनले बताए।

# पर्यटन प्रवर्द्धन गर्न पदमार्ग निर्माण

म्याग्दी (प्रस)- म्याग्दीमा यस आर्थिक वर्षमा पर्यटन पूर्वाधार निर्माणसम्बन्धी १८ योजना सम्पन्न भएका छन्। चालु आव २०८०/८१ मा गण्डकी प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले विनियोजन गरेको रु एक करोड ५६ लाख बजेटबाट १८ वटा पर्यटन पूर्वाधार योजना निर्माण भएका हुन्।

चर्चित, ऐतिहासिक र धार्मिक पर्यटकीयस्थलमा नौ किलोमिटरभन्दा बढी पदमार्ग निर्माण भएको पर्यटन तथा उद्योग कार्यालय म्याग्दीका प्रमुख पोषानाथ शर्माले जानकारी दिए। ‘कार्यालयका सबै योजना कार्यान्वयन गरेका छौं’, उनले भने, ‘सात किलोमिटर ४८ मिटर नयाँ ट्र्याक बनाउने, ढुङ्गाको सिँढी चिनेर पदमार्ग बनाउने काम भएको छ।’ उनका अनुसार एक किलोमिटर ७२ मिटर पदमार्गमा ढुङ्गा छापेर पदमार्ग बनाइएको छ। थप एक किलोमिटर ८२ मिटर पदमार्गलाई ढलान गरेर पक्की बनाइएको छ। पदमार्गसँगै धार्मिक पर्यटकीयस्थलमा घेराबार, संरक्षण, प्रवेशद्वार, रेलिङ, भ्यूप्वाइन्ट, वनभोजस्थललगायत पूर्वाधार निर्माण भएको कार्यालयका सबइन्जिनियर सुमन बोगटीले जानकारी दिए।

पर्यटन पूर्वाधार बनेपछि पर्यटक प्रवर्द्धनमा सघाउनुका साथै स्थानीयवासीलाई सुविधा पुगेको छ। यस वर्ष सबैभन्दा धेरै रु २० लाख बजेट विनियोजन भएको अन्नपूर्ण गाउँपालिका-५ को खोप्रालेकमा पदमार्ग, भ्यूप्वाइन्ट निर्माणसँगै खानेपानीको पूर्वाधार निर्माण गरिएको छ। जिल्लाकै ऐतिहासिक धार्मिकस्थल ताकमकोट, ज्यामरुकोट, चिनाकोटमा रु १०-१० लाख बजेटबाट पदमार्ग, रेलिङलगायत पर्यटन पूर्वाधार निर्माण भएका छन्। बेनी नगरपालिका-९ स्थित ढोलथानमा रु १० लाख बजेटबाट पदमार्ग, प्रवेशद्वार वनभोजस्थल र रेलिङ निर्माण भएको कार्यालयले जनाएको छ।

महभिरबाट करबाकेलीथान जाने बाटो, पनथोकबाट मालिका जोड्ने बाटो, गलेश्वर-काउलेगौडा-नेप्टेचौर ढोलठान जाने बाटो, दर्मिजा-नाङ्गीदेवी थान बाटो, लामाखोरिया-डाँडागाउँ जोड्ने बाटोमा रु १०-१० लाख बजेटबाट पदमार्ग विस्तार गरिएको छ। त्यसैगरी बेनीस्थित डल्लेपिपल-फोहोटे रिठाबोट र रघुगङ्गा गाउँपालिका-२ भगवतीको अन्नपूर्ण आधारभूत विद्यालयबाट हवल्दारको चौतारासम्म रु आठ-आठ लाख बजेटबाट सिँढी चिनेको पदमार्ग निर्माण गरिएको छ।

## सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार मसान्तभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं। साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

## विज्ञापन दर/रेट परिवर्तन सम्बन्धी सूचना

२०८१ साउन १ गते देखि लागु हुने गरी निम्नानुसारको दर/रेट कायम गरिएको सम्बन्धि सबैलाई जानकारी गराइन्छ।

ज्याकेट विज्ञापन रु १५,००,०००/-

सरकारी

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २४००/- | २२००/- |
| भित्री पृष्ठ | १६००/- | १४००/- |
| अन्तिम पृष्ठ | २०००/- | १८००/- |

प्राइभेट

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २४००/- | २२००/- |
| भित्री पृष्ठ | १६००/- | १४००/- |
| अन्तिम पृष्ठ | २०००/- | १८००/- |

नोट : उपरोक्त दररेटमा कुनै कर समावेश गरिएको छैन।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-०७, काठमाडौं।
फोन नं. ०१-४३७३५७७, ४५८४३६८
इमेल : marketing2prabhab@gmail.com
वेबसाइट : www.prabhabonline.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ